दर्ता नं.: ४६/७१/२०६७/०६८ कोड नं.: CHI/HA/18/02

# रानीखोला सामुदायिक वन उपभोक्ता समूह

इच्छाकामना गाउँपालिका ..., सिमलढाप, चितवन

प.सं. ०७५।०७६ मिति: २०७५।०२।०६ मा

च.नं. १९

श्री इच्छाकामना गाउँपालिका
कुरिनटार, चितवन।

विषय: सिफारिस गरिएको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा चितवन जिल्ला इच्छाकामना गाउँपालिका अन्तर्गत यस वडामा पर्ने खगेरी खोला र स्याङ्ग्री खोलाको बगर ओट बाट गरिने ढुङ्गा, गिटी, बालुवा ग्राभेल लगायतको निर्माण सामग्रीको संकलन। उत्खनन् कार्यको सम्बन्धमा मिति २०७५ बैशाख १८ गतेको नागरिक दैनिकमा प्रकाशित प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी सूचना अनुसार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन को सिलसिलामा तयार पारिएको अध्ययन प्रतिवेदन मा उल्लेख गरिएको विषय वस्तु एवं वातावरणीय प्रभाव तथा न्यूनिकरण संरक्षण को उपायहरूको बारेमा यस कार्यालयलाई आपत्ति नभएकोले उल्लेखित वातावरणीय प्रभाव तथा न्यूनिकरण संरक्षण का उपायहरूको अवलम्बन गरि उक्त प्रस्ताव कार्यान्वयन का लागि वातावरण नियमावली २०५४ को नियम १० अनुसार को सिफारिस ढाँचा अनुरुप यो सिफारिस गरिएको छ।

अध्यक्ष

राजकुमार राना मगर

जिल्ला समन्वय अधिकारी

## अनुसुची ४ : स्विकृत कार्यसूचीको छायाँप्रति

# जिल्ला समन्वय समितिको कार्यालय, चितवन

भरतपुर

३ नं प्रदेश, नेपाल

फोन ०५६५२०३३२, ५२०१४७
फ्याक्स ०५६५२२५५७

प.सं. : २०७४/२०७५
च.नं. : १६५९

मिति:२०७५/३/१०

विषय : निर्णय प्रतिलिपी पठाएको ।

श्री इच्छाकामना गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, चितवन ।

प्रस्तुत विषयमा मिति २०७५ साल असार ६ गतेका दिन जिल्ला समन्वय समिति, चितवनमा बसेको बोर्ड बैठकबाट देहाय बमोजिम निर्णय भएकोले निर्णयको दफा उतार यसैसाथ संलग्न राखी आवश्यक कार्यवाहीको लागि पठाइएको व्यहोरा अनुरोध छ ।

तपसिल

निर्णय नं. २,

चितवन जिल्लाका तपसिलका गाउँपालिका/महाँ/नगरपालिकाहरुको क्षेत्र भित्र पर्ने नदी/खोलाहरुको नदीजन्य पदार्थको संकलन/उत्खनन् सम्बन्धी प्रारम्भीक वातावरणीय परिक्षणको कार्यसूची (TOR) स्वीकृतीको लागि जिल्ला प्राविधिक कार्यालयबाट सिफारिस भै आए बमोजिम तपसिलका नदी/खोलाहरुको नदीजन्य पदार्थको संकलन/उत्खनन् सम्बन्धी प्रारम्भीक वातावरणीय परिक्षण कार्यसूची (TOR) स्वीकृती गर्ने निर्णय गरियो ।

ईच्छाकामना गाउँपालिका क्षेत्र :

क) खगेरी खोला बगर क्षेत्र ।

ख) कुरिनघाट खोला, बारबाड खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदी सोता खण्डको बगर क्षेत्र ।

ग) स्याङदी खोला, काली खोला र थाङखोलाको बगर क्षेत्र ।

(चन्द्रकान्त न्यौपाने)
जिल्ला समन्वय अधिकारी

खगेरी खोलाको बगरक्षेत्रबाट दिगो रुपमा नदीजन्य पदार्थ संकलन/उत्खनन् कार्य संचालनका लागि

# प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची (TOR)

२०७५

**पेश गरिएको कार्यालय**

जिल्ला समन्वय समितिको कार्यालय
भरतपुर, चितवन
३ नं. प्रदेश, नेपाल

**प्रस्तावक**


इच्छाकामना गाँउपालिका,
गाँउ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
फोन नं. ०५६-४१०१११, ४१०११२


(नरहरि सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

## विषयसूचि


१. प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना : ........ २

२. प्रस्तावको

- क) सामान्य परिचयः ........ २
- ख) प्रस्तावको सान्दर्भिकताः ........ ३
- ग) प्रस्ताव कार्यान्वयन हुने क्षेत्र : ........ ३
- घ) प्रस्ताव कार्यान्वयन हुने समय : ........ ५

२.१ प्रारम्भिक वातावरणीय परीक्षण गर्नुका उद्देश्यहरु : ........ ५

३. प्रतिवेदन तयार गर्दा अपनाउनुपर्ने विधि : ........ ५

३.१. अध्ययन विधि : ........ ५

३.१.१ कार्यालयमा गरिने अध्ययन : ........ ५

३.१.१.१. सन्दर्भ सामग्रीहरुको पुनरावलोकन : ........ ६

३.१.१.२ नक्शाको अध्ययन : ........ ६

३.१.१.३ चेकलिष्ट, प्रश्नावली, स्थलगत सूचना, अन्तरक्रिया र डाटासिट : ........ ७

३.१.२ फिल्डमा गरिने आवश्यक अध्ययन : ........ ७

३.१.२.१. तथ्याङ्क संकलन र स्रोत सर्वेक्षण : ........ ७

३.१.२.२ भौतिक वातावरण सम्बन्धी तथ्याङ्क संकलन : ........ ७

३.१.२.३ जैविक वातावरण सम्बन्धी तथ्याङ्क संकलन : ........ ८

३.१.२.४ सामाजिक, आर्थिक, सांस्कृतिक वातावरण सम्बन्धी तथ्याङ्क संकलन विधि : ........ ८

३.१.३ तथ्याङ्क विश्लेषण : ........ ८

३.१.४. प्रभावको विश्लेषण : ........ ८

३.१.५ प्रभाव न्यूनिकरणका उपायहरु : ........ ९

३.२. अध्ययन क्षेत्र र सीमा : ........ ९

४. प्रतिवेदन तयार गर्दा विचार गर्नुपर्ने नीति, ऐन, नियम तथा निर्देशिका : ........ ९

५. प्रतिवेदन तयार गर्दा लाग्ने समय र अनुमानित बजेट : ........ ११

६ प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव : ........ १२

६.१ भौतिक असर : ........ १२

६.२. जैविक असरः ........ १२

६.३ सामाजिक, आर्थिक र साँस्कृतिक असरः ........ १२

६.४ रसायनिक असर : ........ १२

७ प्रस्ताव कार्यान्वयनका विकल्पहरु : ........ १२

८. प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावहरुको रोकथामका उपायहरु : ........ १३

९. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरू : ........ १३

10. अन्य आवश्यक कुराहरु (विविध) : ........ १३

11. प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदनको ढाँचा : ........ १४


(नरहरि सापकोटा)

| | | |
|---|---|---|
| | | स्थानिय विकास मन्त्रालयको मार्गदर्शन २०७३ अनुसार कार्ययोजना बनाई ब्याक हो लोडर जस्ता मेसिन प्रयोग गर्न सकिने । IEE गर्दा मेसिन प्रयोग आवश्यकता देखिएमा सो सम्बन्धि कार्ययोजना IEE प्रतिबेदनमा उल्लेख गरिने छ । |

ग) प्रस्ताव कार्यान्वयन हुने समय :

प्रस्तावित कार्यान्वयन यो प्रस्ताव स्वीकृत भएको मितिले आगामी २ वर्ष सम्मको अवधि नै प्रस्ताव कार्यान्वयन हुने समय हुनेछ ।

२.१ प्रारम्भिक वातावरणीय परीक्षण गर्नुका उद्देश्यहरु :

- वातावरणीय प्रभाव अध्ययन गरी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नको लागि सहयोग पुऱ्याउने ।
- प्रस्ताव कार्यान्वयन हुने ठाउँहरुको भौतिक, जैविक, रासायनिक, जैविक, आर्थिक, सामाजिक वातावरणमा पर्न सक्ने प्रभावको मूल्याङ्कन गर्ने ।
- सकारात्मक वातावरणीय प्रभावहरुलाई बढाउने र नकारात्मक प्रभावलाई न्यूनिकरण गर्ने उपायहरु अवलम्वन गर्न सुझाव दिने ।

३. प्रतिवेदन तयार गर्दा अपनाउनुपर्ने विधि :

३.१ अध्ययन विधि :

यसमा वातावरण संरक्षण नियमावली २०५४ (संशोधनसहित) को अधिनमा रही सुझाएका प्रक्रिया अनुसरण गरी वातावरणीय अध्ययन गरिनेछ । जस अनुसार सर्वप्रथम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको लागि तयार कार्यसूची स्वीकृत भए पश्चात कुनै एक राष्ट्रिय अखबारमा सार्वजनिक सूचना प्रकाशित गरी प्रस्ताव कार्यान्वयन हुँदा स्थानीय वातावरणमा पर्न सक्ने प्रभावका बारेमा लिखित राय सुझाव दिन अनुरोध गरिनेछ । उक्त सूचना समेतको आधारमा प्राप्त राय सुझावहरु प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत भ्रमण गरी प्रभाव अध्ययन गरिनेछ । साथै उक्त क्षेत्र वरपर पाइने वन, जीवजन्तु, वनस्पति र जैविक विविधतामा पर्नेप्रभाव समेत स्थलगत भ्रमणका क्रममा अध्ययन गरिनेछ । यसरी अध्ययन गरी प्राप्त जानकारी र सरोकारवालाहरु समेतको राय सुझावको आधारमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरिनेछ ।

(नरहरि सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

गरी निम्न प्रतिवेदन तयार गर्न आवश्यक पर्ने पहिलो र दोस्रो क्रमका सूचनाहरु (Primary and Secondary Information) स्थलगत सर्वेक्षणबाट र सन्दर्भ सामग्रीहरुको पुनरावलोकनबाट प्राप्त गरिनेछ ।

**३.१.१.कार्यालयमा गरिने अध्ययन :**

यस प्रकारको अध्ययनमा उपलब्ध सन्दर्भ सामग्रीहरुको अध्ययन, नक्शाहरुको अध्ययन तथा प्रश्नावलीहरुको तयारी र चेकलिष्टहरुको तयारी तथा तिनको परीक्षणपछि अन्तिम रुप दिने कार्य गरिनेछ । कार्यालयमा नै Field बाट प्राप्त सूचनाहरुको विश्लेषण तथा संयोजन गरिनेछ ।

**३.१.१.१. सन्दर्भ सामग्रीहरुको पुनरावलोकन :**

प्रतिवेदन तयार गर्ने क्रममा सम्बन्धित उद्देश्य प्राप्तिका लागि अध्ययन टोलीले उपलब्ध भए सम्मका सन्दर्भ सामग्रीहरु अध्ययन गर्नेछ । यस क्रममा खासगरी वन क्षेत्रको नीति २०४६, वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४, स्थानीय स्वायत्त शासन ऐन, वन ऐन २०४९, वन नियमावली २०५१, जैविक विविधता सम्बन्धी रणनीति २०५९, राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५०, वन क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५२, सा.वनको दिग्दर्शन, वन क्षेत्रको लागि प्रा.वा.परीक्षण कार्यसूची र प्रतिवेदनको दिग्दर्शन, भूसंरक्षण ऐन, चितवन जिल्लाको वार्षिक वन पैदावर सदुपयोग योजना र पञ्चवर्षीय योजनाहरु प्रमुख रुपमा रहेन छन् । साथै यस प्रस्तावसंग सम्बन्धित हुन सक्ने अन्य लेख रचना र सामग्रीहरु भएमा तिनको समेत पुनरावलोकन गरिनेछ ।

**३.१.१.२.नक्शाको अध्ययन :**

प्रस्ताव कार्यान्वयन हुने क्षेत्र र त्यस वरपरको भौतिक वातावरण सम्बन्धी जानकारी हासिल गर्न निम्न नक्साहरुको अध्ययन गरिनेछ ।

**टोपोग्राफिक नक्सा**(Topographic Map)

यस प्रयोजनको लागि १:२५००० स्केलको टोपोग्राफिक नक्साहरुलाई प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको उचाई, मोहडा, भिरालोपन र सो क्षेत्रको अवस्था बारेको जानकारी हासिल गर्न प्रयोग गरिनेछ ।

**भू-उपयोगिता सम्बन्धी नक्सा** (Land Utilization Map)

यो १:५०,००० स्केलको नक्साहरु प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको अवस्थिति सम्बन्धी जानकारीको लागि प्रयोग गरिनेछ ।

भूमी प्रणाली नक्सा(Land System Map)

(नरहरि सापकोटा)

१:५०,००० स्केलको नक्साहरु प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको ढुङ्गा, गिट्टी, बालुवाको परिणाम, [illegible] अवस्था, माटोको प्रकार र गहिराई जानकारी लिन प्रयोग गरिनेछ ।

जिल्लाको नक्सा(District Land System Map)

[illegible] खोला वरपरको विभिन्न गाँउपालिका/नगरपालिकाहरुको अवस्थिति थाहा पाउन यस खालका नक्साहरुको प्रयोग गरिनेछ ।

३.१.१ चेकलिष्ट, प्रश्नावली, स्थलगत सूचना, अन्तरक्रिया र डाटासिट :

प्रस्ताव कार्यान्वयन हुने स्थानहरुको सामाजिक, आर्थिक तथा अन्य सूचनाहरु जिल्लाबाट प्रकाशित हुने [illegible] विभिन्न निकायका मुखपत्रहरुबाट प्राप्त गरिनेछ । सो सूचनाहरुको सत्य तथ्य मिलान गर्न [illegible] स्थलमा छड्के जाँच गर्न नियमानुसार आवश्यक पर्ने बुँदाहरु समेट्ने गरी प्रश्नावली तथा [illegible] तयार पारिनेछ । खोला र त्यहाँका वनस्पति तथा वन्यजन्तुहरुको समेत जानकारी हासिल गर्न [illegible] चेकलिस्ट तयार पारिनेछ ।

३.१.२ फिल्डमा गरिने आवश्यक अध्ययन :

अध्ययन टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा स्थलगत भ्रमण गरी तहाँको भौतिक, जैविक, सामाजिक सांस्कृतिक तथा आर्थिक वातावरण सम्बन्धी आवश्यक सूचनाहरु हासिल गर्नेछ ।

३.१.२.१. तथ्याङ्क संकलन र स्रोत सर्वेक्षण :

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका ढुंगा, गिट्टी, बालुवाको परिणामको स्रोत सर्वेक्षण गरी अध्ययन टोलीले [illegible] मौज्दात परिमाण, वार्षिक अनुमानित निकाल्न सकिने परिमाण, श्रोतको अवस्था समेतको बारेमा [illegible] सर्वेक्षण गरी निर्धारण गर्नेछ । साथै ढुंगा, गिट्टी, बालुवाको संकलन र ढुवानी कार्यबाट हुन सक्ने रासायनिक पदार्थको प्रभाव र त्यसको न्युनिकरणको बारेमा उपयुक्त राय सुझाव पेश गरिनेछ ।

३.१.२.२.भौतिक वातावरण सम्बन्धी तथ्याङ्क संकलन :

(नरहरि सापकोटा)

प्रमुख प्रशासकीय अधिकृत

...आदि, भू-स्वामित्व, कृषि तथा पशुपालन, शैक्षिक स्थिति, वार्षिक आम्दानी, ढुङ्गा गिट्टी र बालुवाको ... सम्बन्धी जानकारी संकलन गर्न प्रयोग गरिनेछ ।

...३. तथ्याङ्क विश्लेषण :

... बुँदाहरुमा बताइए अनुसार तथ्याङ्क संकलन भए पश्चात् प्राप्त सूचनाहरुलाई अध्ययन गरी ... अनुसार प्रष्ट गरिनेछ ।

...४. प्रभावको विश्लेषण :

... भ्रमणबाट प्राप्त सूचनाहरुको अध्ययन तथा सन्दर्भ ग्रन्थ तथा सामग्रीहरुको पुनरावलोकनबाट ... जानकारीहरुलाई प्रस्ताव कार्यान्वयन गर्दा हुने वा हुन सक्ने संभाव्य प्रतिकुल र अनुकुल प्रभावको ... गरी तिनलाई भौतिक, जैविक र सामाजिक सांस्कृतिक आर्थिक गरी तीन शीर्षकमा छुट्याएर ...करण गरिनेछ ।

...५. प्रभाव न्यूनिकरणका उपायहरु :

... उल्लेखित ढुंगा, गिट्टी, बालुवाहरु संकलन तथा ढुवानी कार्य गर्दा स्थानीय भौतिक, जैविक र सामाजिक सांस्कृतिक आर्थिक वातावरणमा पर्ने वा पर्न सक्ने सकारात्मक प्रभावहरुलाई बढावा दिन ... उपायहरुको बारेमा विशेषज्ञको राय सुझाव सहित उल्लेख गरिनेछ । यसरी छनौट गरिएका ... उपायहरुको प्राथमिकीकरणको आधारमा प्रभावकारीरुपमा कार्यान्वयन गर्ने जिम्मेवारी वहन गरिनेछ ।

...२. अध्ययन क्षेत्र र सीमा :

... प्रतिवेदन तयार गर्नका लागि अध्ययनक्षेत्रको सीमा चितवन जिल्लाको खगेरी खोला यस प्रस्तावको कार्यान्वयन क्षेत्र रहनेछ । यस क्षेत्र र आसपासका वनक्षेत्र तथा वरपरका गाँउपालिका/नगरपालिकामा सीमित रही आवश्यक तथ्याङ्कहरु संकलन गरिनेछ ।

... प्रतिवेदन तयार गर्दा विचार गर्नुपर्ने नीति, ऐन, नियम तथा निर्देशिका

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा निम्न बमोजिमका सरकारी नीति, ऐन, नियम तथा निर्देशिकाहरुलाई मुख्यरुपमा ध्यान दिई त्यसैको आभारमा तयार गरिनेछ ।

- वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४
- राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका २०५०

(नरहरि सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

- स्थानीय स्वायत्त शासन ऐन २०५५
- वन ऐन २०४९ र वन नियमावली २०५१
- वन क्षेत्रको नीति २०४६
- राष्ट्रिय सिमसार नीति, २०५९
- राष्ट्रिय जैविक विविधता सम्बन्धी रणनीति २०५९
- रा.नि.तथा वन्यजन्तु संरक्षण ऐन २०२९
- भू तथा जलाधार संरक्षण ऐन २०३९ तथा नियमावली २०४२
- वन क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५२
- वन पैदावर बिक्री वितरण कार्यविधि निर्देशिका
- वन व्यवस्थापन कार्ययोजना, जि.व.का चितवन
- सम्बन्धित गाँ.पा./न.पा.अन्तर्गतका सामुदायिक वन उपभोक्ता समूहको विधान र कार्ययोजना
- वन क्षेत्रका लागि प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची तथा प्रतिवेदन दिग्दर्शन २०६१
- नेपाल सरकार, मन्त्रिपरिषद्को विभिन्न मितिका निर्णयहरु तथा सम्बन्धित मन्त्रालय्रको परिपत्र
- वन क्षेत्रका नदी/खोलाबाट नदीजन्य पदार्थ हटाउने वा संकलन उत्खनन् कार्यको स्वीकृति सम्बन्धि कार्य बिधि २०७१
- ढुङ्गा, गीट्टी, बालुवा तथा मिस्कट संकलन सम्बन्धमा सर्वोच्च अदालतको फौसला
- प्रदेश वन तथा वातावरण मन्त्रालयबाट जारी नितिगत व्यवस्था ।

(नरहरि ...पकोटा)
प्रमुख ... अधिकृत

५. प्रतिवेदन तयार गर्दा लाग्ने समय र अनुमानित बजेट

५.१. समय

| क्र.स. | क्रियाकलापको विवरण | समय | | |
|---|---|---|---|---|
| | | बैशाख | जेष्ठ | असार |
| | तथ्याङ्क संकलन, सन्दर्भ सामग्रीहरुको अध्ययन र कार्यसूची तयारी | * | | |
| | जि.स.स. वोर्डमाकार्यसूची पेश गरी स्वीकृति लिने | * | | |
| | सार्वजनिक सूचना प्रकाशन, चेकलिष्ट तथा प्रश्नावली तयारी, स्थलगत जानकारी संकलन र सार्वजनिक अन्तरक्रिया | * | * | |
| | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको ड्राफ्ट तयार | | * | |
| | सरोकारवालाबाट प्राप्त सुझाव समावेश गरी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन लेखन | | * | |
| | जिल्ला समन्वय समितिमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पेश गरी स्वीकृति लिने | | * | |

५.२. अनुमानित बजेट

| क्र.स. | क्रियाकलाप | परिमाण | कूल जम्मा |
|---|---|---|---|
| १ | वातावरण संरक्षण नियमावली २०५४, अनुसूची ३ बमोजिम कार्यसूचि तयार | एकमुष्ट | २५,००० |
| २ | तथ्याङ्क संकलन, सन्दर्भ सामग्रीहरु (नक्सा, पुस्तक, लेख, रचना, पत्रपत्रिका आदि) को अध्ययन | एकमुष्ट | २०,००० |

(नरहरि सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ३ | सार्वजनिक सूचना प्रकाशन, चेकलिष्ट तथा प्रश्नावली तयारी, स्थलगत जानकारी संकलन आदि | एकमुष्ट | २५,००० |
| ४ | सार्वजनिक स्तरीय छलफल (सम्बन्धित क्षेत्रका सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया) | एकमुष्ट | २०,००० |
| ५ | प्रारम्भिक/मस्यौदा प्रतिवेदन लेखन | एकमुष्ट | ३०,००० |
| ६ | जिल्लास्तरिय IEE पुनरावलोकन तथा सिफारीस समितिमा छलफल तथा गोष्ठि खर्च(बैठक भत्ता, प्रस्तुतकर्ताको पारिश्रमिक, स्टेशनरी, खाना तथा नास्ता) | एकमुष्ट | २५,००० |
| ७ | स्थलगत निरिक्षण (जिल्लास्तरिय IEE पुनरावलोकन तथा सिफारीस समिति र कन्सलटेन्टको संयुक्त स्थलगत निरिक्षण) | एकमुष्ट | ३०,००० |
| ८ | अन्तिम प्रतिवेदन तयार खर्च | एकमुष्ट | ४०,००० |
| ९ | विविध खर्च | एकमुष्ट | २०,००० |
| | जम्मा (मु.अ.क. १३% बाहेक) : | | २,३५,००० |

५. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन कार्यान्वयन गर्दा यस कार्य क्षेत्रमा पर्न सक्ने वातावरणीय प्रभावलाई निम्नानुसार समावेश गरिनेछ :

५.१ भौतिक असर :

- नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा आदिको संकलन र ढुवानी गर्दा वरपरको माटोमा भौतिक तथा रासायनिक गुणमा पर्ने असरहरु भूस्वरुप, भुवनोट र माटोको अवस्थामा पर्ने असर ।
- माटोमा पर्ने असर, गाडीको निरन्तरताले गल्लीको निर्माण हुन गई भूक्षय हुनसक्ने ।
- वन र वातावरणको प्राकृतिक सौन्दर्यतामा पर्ने असर ।
- भौतिक संरचनाहरु चर्कन तथा भत्कन गई पर्ने असर ।

५.२. जैविक असर:

- सगरी खोला वरपरको वन र त्यसको पारिस्थितिकी (Ecology) प्रणालीको जैविक विविधतामा र जीवजन्तुका प्रजातिको संख्यामा आउन सक्ने परिवर्तन र प्रभाव ।
- वन्यजन्तुको बासस्थानमा पर्ने असर ।
- वनमा मानिसहरुको निरन्तर प्रवेशले बन्यजन्तु तथा वन पैदावारमा पर्ने असर ।

५.३ सामाजिक, आर्थिक र साँस्कृतिक असर:



(नरहरि सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

- आसपासका धार्मिक मठ मन्दिर, गुम्वा आदि जस्ता पुरातात्विक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका स्थान विशेषमा पर्नसक्ने प्रभाव ।
- स्थानिय तहका विकास संरचनाहरु जस्तै विद्यालय, स्वास्थ्य संस्था, खानेपानी, यातायातमा पर्न सक्ने प्रभाव ।
- स्थानीय ढुवानी कर्ता र निर्माण तथा कृषि कार्यमा कार्यरत मजदुरमा पर्न सक्ने असर ।
- उत्खनन् कार्यबाट मानव जातिको स्वास्थ्यमा पर्न सक्ने नकरात्मक असर ।

**५.४ रसायनिक असर:**

- इन्धन, लुब्रीकेन्टस्, अम्ल तथा अन्य रसायनहरुको चुहावटबाट वातावरणमा पर्ने असर ।
- धुवा धुलोको उत्सर्जनबाट वातावरणमा पर्ने असर ।

**६. प्रस्ताव कार्यान्वयनका विकल्पहरु**

यस प्रतिवेदन प्रस्तावको कार्यान्वयनका विकल्पहरु निम्नानुसार समावेश गरिनेछ ।

(क) प्रस्ताव कार्यान्वयन क्षेत्रको विकल्प ।

(ख) संकलन, प्रशोधन र सदुपयोग गर्ने प्रविधि, समय तालिका बारे हुन सक्ने विकल्प ।

(ग) प्रस्ताव कार्यान्वयन नगर्ने उपयूक्त विकल्पहरुमध्ये अध्ययन र विश्लेषणबाट प्राप्त नतिजाको आधारमा उपयूक्त विकल्प छनौट गरिनेछ ।

**८.प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावहरुको रोकथामका उपायहरु**

प्रस्ताव कार्यान्वयन गर्दा देखा पर्न सक्ने भौतिक, जैविक, सामाजिक तथा आर्थिक पक्षमा पर्ने प्रभावहरुको विश्लेषण गरी विस्तृत रुपमा प्रतिवेदनमा उल्लेख गरिनेछ । संकलन क्षेत्रमा भुक्षय तथा पहिरोजन्य प्रकोप नियन्त्रण गर्न आवश्यक देखिएमा उक्त कार्य रोकथामका लागि उपयुत्त उपायहरु प्रतिवेदनमा उल्लेख गरिनेछ । प्रतिवेदनमा प्रस्ताव कार्यान्वयनबाट हुने भौतिक, जैविक र सामाजिक तथा आर्थिक वातावरणमा पर्ने नकारात्मक प्रभाव हटाउन व्यवहारिक उपायहरु सुझाइनेछ । यसरी सुझाइने उपायहरु सुधारात्मक र प्रतिरोधात्मक हुनेछन् । प्रस्ताव कार्यान्वयनबाट पर्न सक्ने सकारात्मक प्रभावलाई बढाउने र प्रतिकुल प्रभावलाई न्यूनिकरणका उपायहरुको पहिचान गरी तिनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक पर्ने जनशक्ति तथा बजेट समेत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा समावेश गरिनेछ ।

**९.प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरू**

यो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरु कम गर्न लाग्ने खर्च र त्यसबाट प्राप्त हुन सक्ने आर्थिक र अन्य लाभहरुबारे विश्लेषण गरी उपयुक्त सुझाव प्रतिवेदनमा समावेश गरिनेछ ।

(नरहरि सापकोटा)

प्रमुख प्रशासकीय अधिकृत

अनुगमन प्रक्रियालाई दुरुस्त बनाउन उपयूक्त अनुगमनका सूचकहरु र मापदण्ड तयार पारी प्रभावकारी अनुगमन प्रक्रिया प्रतिवेदनमा समावेश गरिनेछ ।

१०. अन्य आवश्यक कुराहरु (विविध) :

वातावरण संरक्षण ऐन २०५३ तथा वातावरण संरक्षण नियमावली २०५४ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी स्वीकृतिको लागि पेश गर्दा निम्नानुसारका कागजातहरु समेत प्रतिवेदन साथमा संलग्न राखी पेश गरिनेछ ।

- वातावरण संरक्षण नियमावली २०५४ को नियम ७(२) बमोजिम प्रस्ताव कार्यान्वयन हुने गाउँपालिका/नगरपालिका, जिल्ला समन्वय समितिको कार्यालय, विद्यालय, अस्पताल वा स्वास्थ्य केन्द्रमा टाँसिने सूचना र सूचना टाँस गरेको मुचुल्काको प्रति ।
- प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका लक्षित समुहको छलफलमा उपस्थित जनसमुदायको उपस्थिति र छलफलको कममा उठेका सुझाबहरु समेटिएको विवरण ।
- राष्ट्रिय दैनिक अखबारमा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी राय सुझाव माग गरिएका सूचना प्रकाशनको प्रतिलिपि ।
- प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन गर्ने संस्था, विज्ञहरुले स्थापित नर्म्स र Standard बमोजिम स्थलगत अध्ययन गरी प्रतिवेदन तयार गरेको स्वयम् घोषणापत्र तथा प्रस्तावकको प्रतिबद्धता पत्र ।
- अन्तिमप्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको १५ प्रति ।
- प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका गाँउपालिका/नगरपालिकाको सिफारिस पत्रको प्रतिलिपि ।
- प्रस्ताव कार्यान्वयन हुने क्षेत्रसँग सम्बन्धित विवरण, नक्साहरु, फोटो इत्यादि अनुसूचीमा समावेश गरिनेछ ।

(नरहरि सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

११. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा :

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने प्रस्तावको प्रकृति अनुरुप वातावरण संरक्षण नियमावली २०५४ को अनुसुची ५ मा उल्लेख भएको ढाँचामा निम्नानुसारका बुँदाहरु समावेश गरी प्रतिवेदन तयार गरिनेछ ।

- प्रस्तावको सारांश
- विषयसूची
- प्रतिवेदनमा समावेश भएका छोटारुपका शब्दहरु
- परिचय
- प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना
- प्रस्ताव सम्बन्धी विवरण
- प्रस्तावसँग सम्बन्धित नीतिगत तथा कानुनी व्यवस्था र मापदण्ड
- विद्यमान वातावरणीय अवस्था (भौतिक, जैविक, आर्थिक, सामाजिक, सांस्कृतिक) को विवरण
- प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा (भौतिक, जैविक, आर्थिक, सामाजिक, सांस्कृतिक) पर्ने प्रभावहरु
- प्रस्ताव कार्यान्वयनको विकल्पको विश्लेषण
- प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव तथा तिनलाई कम वा रोकथाम गर्ने उपायहरु
- प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने कुराहरु
- निष्कर्ष तथा सुझावहरु
- सन्दर्भ सामग्रीहरुको सूची
- अनुसूचीहरु

(नरहरि सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ५ : ढुङ्गा, गिट्टी, बालुवा आदि नदीजन्य पदार्थ उत्खनन्/संकलनार्थ तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षणको संक्षिप्त विवरण

इच्छाकामना गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
३ नं. प्रदेश, नेपाल
ढुङ्गा, गिट्टी, वालुवा आदि खोलाजन्य पदार्थ उत्खनन्/संकलनार्थ तयार गरिएको
प्रारम्भिक वातावरणीय परीक्षणको
संक्षिप्त विवरण

जिल्लाको नाम : चितवन
प्रारम्भिक वातावरणीय परीक्षणको अवधि : २०७५/७६ - २०७६/७७ (२ बर्ष )

उत्खनन् गर्ने परिमाणको विवरण

| उत्खनन् क्षेत्र नं. | खोलाको नाम | उत्खनन् क्षेत्र | वार्षिक जम्मा हुने परिमाण | वार्षिक उत्खनन् सिफारिस गरिएको परिमाण |
|---|---|---|---|---|
| १ | खगेरी | सिकारीकुना | २९,२५०.०० | ९,६५२.५० |
| २ | | बागघोर जाने बाटो क्षेत्र | २४,७५०.०० | ८,१६७.५० |
| ३ | | सिमलढाप गरदास जाने बाटो क्षेत्र | १४,०००.०० | ४,६२०.०० |
| ४ | | सिमलढाप देखी चिसोपानी जाने बाटो क्षेत्र | १२,०००.०० | ३,९६०.०० |
| ५ | | सुइतान क्षेत्र | ५,२५०.०० | १,७३२.५० |
| ६ | | पलासे जाने बाटो क्षेत्र | ७,८७५.०० | २,५९८.७५ |
| ७ | | दुम्सिबस्ने टोल क्षेत्र | ८,४००.०० | २,७७२.०० |
| ८ | | हरिपुर इलाका वन कार्यलय क्षेत्र | ६,०००.०० | १,९८०.०० |
| | | जम्मा | १०७,५२५.०० | ३५,४८३.२५ |

उत्खनन् क्षेत्रको विवरण

| निम्नतम दुरी मिटरमा | | | |
|---|---|---|---|
| बस्तीसगँ | राजमार्गसगँको | सिचाँइ कुलो | सास्कृतिक केन्द्र |
| बस्ती नभएको | नभएको | सिँचाइ कुलो नभएको | सास्कृतिक केन्द नभएको |

प्रभाव तथा सोको वातावरणीय व्यवस्थापन विधि

| मुख्य प्रभावहरु | वातावरणीय व्यावस्थापन विधि | वित्तिय क्षेत्रको अनुमान | |
|---|---|---|---|
| | | लागत | विनियोजन |
| भौतिक | बाढी, कटान आदी नियन्त्रण (एकिकृत जलाधार ब्यबस्थापन) र तटबन्ध निर्माण | २,००,००० | गाउँपालिकाले संकलन गरेको राजस्व |
| आर्थिक सामाजिक, | जनचेतना बिकास र आयआर्जनमा बृदि | ४५,००० | गाउँपालिकाले संकलन गरेको राजस्व |
| जैबिक | बनब्यबस्थापन, वातावरण संरक्षण र स्वास्थ्य सरसफाई | ५५,००० | गाउँपालिकाले संकलन गरेको राजस्व |
| वतावरण सम्वन्धि जनचेतना | | ४०,००० | गाउँपालिकाले संकलन गरेको राजस्व |

# अनुसूची ८ अनुगमनको ढाँचा

१. जिल्ला :

२. अनुगमन गरिएको गाउँपालिका/नगरपालिका :

३. अनुगमन गरिएका क्षेत्रहरु (खोला/नदी) :

४. अनुगमन गरिएको मिति :

५. अनुगमनको पृष्ठभूमि :

**६. अनुगमन प्रकृया**

अनुगमन गर्दा आवश्यकता अनुसार देहायका सवै वा कुनै तरिकाहरु अवलम्बन गर्नुपर्नेछ ।

- स्थलगत निरीक्षण, अध्ययन, अवलोकन ।
- सम्बन्धित अभिलेखहरुको अध्ययन र विश्लेषण
- स्थानीय तहका राजनैतिक दलका पदाधिकारी तथा स्थानीय निकाय संचालनको राजनैतिकसंयन्त्रका प्रतिनिधिहरुसंग छलफल
- सम्बन्धित उपभोक्ता, सेवाग्राही, कर्मचारी तथा अन्य सरोकारवालाहरुसंग भेटघाट र छलफल ।
- आवश्यकता अनुसार योजनाको प्राविधिक पक्षको अध्ययन ।
- सेवांग्राहीहरुको सम्बन्धित निकायप्रतिको धारणा संकलन ।
- अनुगमनको शिलशिलामा उपयुक्त देखिएका अन्य तरिकाहरु ।

**७. प्रतिवेदन प्रणाली र पृष्ठपोषण**

अनुगमन टोलीले अनुगमन कार्य सम्पन्न भएपछि प्रतिवेदन पेश गर्ने प्रकृया देहाय वमोजिम हुनेछ :

- अनुगमन टोलीले यसैसाथ संलग्न ढाँचामा प्रतिवेदन जिसस, प्रमुख जिल्ला अधिकारी, जिल्ला अनुगमन तथा समन्वय समिति समक्ष पेश गरिनेछ ।
- प्राप्त प्रतिवेदनलाई जिल्लास्तरीय अनुगमन तथा समन्वय समितिमा छलफल गरी आवश्यक निर्णय लिई जिसिसमा शिफारिस गर्न सक्ने छ ।
- अनुगमन प्रतिवेदनमा देखिएको यथार्थ विवरण र गर्नुपर्ने कार्यहरुको विवरण उल्लेख गरी निष्कर्श सहितको सुझाव पेश गरिने छ ।

**८. अनुगमन गर्ने पदाधिकारी तथा सहभागीहरु :**

१.

२.

३.

४.

५.

६.

७.

**९.अनुगमन गर्दा देखिएको यथार्थ विवरण**

| सि.नं. | मिति | अनुगमन गरिएको क्षेत्र | देखिएको यथार्थ अवस्था | सिफारिस/सुझाव |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |